लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी) नेपाल

मा.जन्मजय तिमिल्सिना
मन्त्री
मोबाइल नं. ९८५१०७००४१
jjsachiwalaya@gmail.com

पत्र संख्याः२०८२/०८३
च.न.

मिति: २०८२/१२/१८

## माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ सम्बन्धमा अपिल ।

२०८२ सालको नियमित तथा ग्रेड वृद्धि तर्फको माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ चैत्र १९ गते बिहिबारदेखि देशभर एकैसाथ सञ्चालन हुँदैछ । उक्त परीक्षामा लुम्बिनी प्रदेशमा नियमित (साधारण र प्राविधिक धार) तर्फ जम्मा ७२ हजार ८० जना र ग्रेडबृद्धि तर्फ १६ हजार ९ सय ३७ जना गरी कूल जम्मा ८९ हजार १७ जना परीक्षार्थी परीक्षामा सम्मिलित हुँदैछन् । परीक्षा सञ्चालनका लागि १२ वटै जिल्लामा ३३८ वटा परिक्षा केन्द्र निर्धारण गरिएको छ । परीक्षा संचालनमा प्रदेशभर ३३८ केन्द्राध्यक्ष, ६३७ सहायक केन्द्राध्यक्ष, ४ हजार ४ सय ६७ निरीक्षकहरु, ६ सय ६९ परीक्षा सहायकहरु र ६ सय ७६ जना कार्यालय सहयोगीहरु सहित जम्मा ६ हजार ७ सय ८७ जना जनशक्ति खटिएका छन् । साथै प्रदेश अन्तर्गतका जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपालबाट आवश्यक सुरक्षा व्यवस्था मिलाइएको छ ।

परीक्षालाई मर्यादित, अनुशासित, भयरहित, व्यवस्थित, निष्पक्ष र शान्तिसपूर्ण वातावरणमा सञ्चालन गर्न सबै जिल्लाका परीक्षा समन्वय समितिबाट ३३८ वटै केन्द्रमा केन्द्राध्यक्षको नियुक्ति भई जिल्लास्तरमा अभिमुखीकरण कार्य सम्पन्न गरी प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका परीक्षासँग सम्बन्धित सम्पूर्ण सामग्रीहरु नजिकैको सुरक्षा निकाय र परीक्षा केन्द्रमा पुर्याउने लगायतका परीक्षाको तयारी सम्बन्धी सम्पूर्ण कार्य समेत सम्पन्न भई सकेको बेहोराको जानकारी सम्बन्धित तह र निकायबाट प्राप्त भएको छ ।

यस बर्ष माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ मा सम्मिलित हुने सम्पूर्ण परीक्षार्थीहरुलाई कुनै पनि प्रकारको डर, त्रास तथा भयविना उच्च मनोवलका साथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोधका साथ सफलताको शुभकामना दिन चाहन्छु । परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै परीक्षामा परीक्षार्थीहरु तथा परीक्षा व्यवस्थापनमा खटिने सबै जनशक्तिको लागि शान्तिपूर्ण र भयरहित वातावरणको सुनिश्चितता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछु ।

मा.जन्मजय तिमिल्सिना
मन्त्री

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री